फरिश्ताहरू(स्वर्गदूत) त्यस्तो समूहको साथमा रहँदैनन् जहाँ कुकुर वा घण्टी हुन्छ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "फरिश्ताहरू(स्वर्गदूत) त्यस्तो समूहको साथमा रहँदैनन् जहाँ कुकुर वा घण्टी हुन्छ।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: स्वर्गदूतहरू यात्रामा यस्तो समूहको साथमा रहँदैनन्, जसमा कुकुर हुन्छ वा जनावरहरूको घाँटीमा घण्टी झुण्डिएको हुन्छ र हिँड्दा आवाज निस्किन्छ।

http://sunnah.global/hadeeth/ne/show/8951